# बर्केनो भैसी संरक्षण विशेष कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

**प्रस्तावनाः** यस प्रदेशमा भैंसीपालन व्यावसाय केहि दशक यतादेखि घट्दै गएको परिप्रेक्षमा बकेर्नो भैसीको संरक्षण, संवर्द्धन र व्यावसायीकरण गर्न आवश्यक भएको र प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा बर्केनो भैसी संरक्षण विशेष कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था भएको हुँदा सो रकम उपयोग गरी कार्यक्रम सञ्चालन गर्नको लागि मन्त्रिपरिषदबाट स्वीकृत गरी यो कार्यविधि लागू गरिएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"बर्केनो भैसी संरक्षण विशेष कार्यक्रम सञ्चालन कार्यविधि, २०७५"** रहेको छ ।

(२) यो कार्यविधि मन्त्रिपरिषदबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,-

(क) **"कार्यक्रम"** भन्नाले प्रदेश सरकारको बकेर्नो भैंसी संरक्षाण विशेष कार्यक्रम सम्बन्धी स्वीकृत वार्षिक कार्यक्रम र बजेटलाई सम्झनु पर्छ ।

(ख) **"कार्यालय"** भन्नाले भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(ग) **"निर्देशनालय"** भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(घ) **"प्रदेश"** भन्नाले प्रदेश नम्बर तीन सम्झनु पर्छ ।

(ङ) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(च) **"मूल्याङ्कन समिति"** भन्नाले दफा ४ अनुसार गठित समिति सम्झनु पर्छ ।

(छ) **"विषय विज्ञ"** भन्नाले बकेर्नो भैंसीपालन सम्बन्धी ज्ञान भएको भनि आवश्यक पर्दा कार्यालयले आमन्त्रण गरी मूल्याङ्कन समितिसँग सम्बन्धित काम लिन सक्ने सरकारी वा गैहसरकारी सरोकारवाला प्राविधिक कर्मचारी वा वैज्ञानिक व्यक्तित्व सम्झनु पर्छ।

(ज) **"साझेदार संस्था"** भन्नाले भैसी पालक कृषक समूह सम्झनु पर्छ ।

३. **उद्देश्यः** यस कार्यविधीको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) उत्पादनशिल बकेर्नो भैंसीको बध गर्ने/गराईने कार्यलाई निरुत्साहित गर्ने,

(ख) भैंसीपालन व्यावसायलाई प्रोत्साहन गर्ने,

(ग) वर्केनो भैंसीलाई पुनः उत्पादनशिल बनाई दूधको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने,

(घ) रोजगारी श्रृजना गर्ने ।

परिच्छेद -२

संस्थागत व्यवस्था

४. **मूल्याङ्कन समितिः** (१) प्रस्ताव मूल्याङ्कन गरी स्वीकृतीका लागि सिफारीस गर्न कार्यालयमा सार्वजनिक खरिद ऐन-२०६३ र सार्वजनिक खरिद नियमावली-२०६४मा व्यवस्था भए बमोजिमको मूल्याङ्कन समिति रहने छ ।

(२) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले मूल्याङ्कन तथा अन्य मापदण्ड तयार गरी स्वीकृतिका लागि कार्यालयमा पेश गर्ने,

(ख) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु तोकिएको मापदण्ड बमोजिम मूल्याङ्कन गरी स्वीकृतिका लागि कार्यालयमा पेश गर्ने ।

५. **अनुगमन तथा मूल्याङ्कनः** यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, दफा ४ बमोजिमको समिति, निर्देशनालय र कार्यालयले गर्न सक्ने छन् । यसरी गरिएको अनुगमन र मूल्याङ्कनको प्रतिवेदन निर्देशनालय र मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

परिच्छेद -३

कार्यक्रम सञ्चालन प्रकृया

६. **बर्केनो भैसी संरक्षण विशेष कार्यक्रम सञ्चालनः** यस प्रदेशका ५ जिल्लामा यो कार्यक्रम भैंसीपालक कृषक समूह मार्फत सञ्चालन गरिने छ । समूहमा पन्ध्र जना सदस्य रहने छन् भने एक जना सदस्यले कम्तिमा दुई वटा बकेर्नो भैंसी संरक्षण गर्नु पर्नेछ । कार्यालयले आर्थिक तथा प्राविधिक पक्षको अध्ययन गरी यो कार्यक्रम सञ्चालन गर्न उपयुक्त स्थान तोक्ने छ ।

७. **प्रस्ताव आह्वानः** यो कार्यक्रम सञ्चालनका लागि ईच्छुक साझेदारबाट प्रस्ताव पेश गर्न तीस दिनको म्याद दिई राष्ट्रिय दैनिक पत्रिकामा मन्त्रालयले अनुसूची-१ बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

८. **प्रस्ताव दर्ताः** दफा ७ बमोजिमको समय अवधी भित्र बर्केनो भैसी संरक्षण विशेष कार्यक्रममा सहभागी हुन ईच्छुक साझेदार समूहले अनुसूची-२ बमोजिमको आवेदन-पत्र साथ सम्बन्धित स्थानीय तह र दुग्ध उत्पादक सहकारी संस्थाले दिएको सिफारिस-पत्र एवं अनुसूची-३ बमोजिम कार्ययोजना तयार गरी कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

९. **प्रस्तावको मूल्याङ्कन:** दफा ४ बमोजिम गठित मूल्याङ्कन समितिले अनुसूची-४ बमोजिम मूल्याङ्कनका आधार र मापदण्ड बमोजिम प्रस्तावहरु मूल्याङ्कन गरी प्रस्तावक साझेदार समूहले प्राप्त गरेको प्राप्ताङ्कलाई सिल्सिलेवार क्रममा कम्पाईल गर्नेछ । उक्त प्रस्तावहरु कार्यालयमा स्वीकृतार्थ पेश गर्नेछ । सोही आधारमा कार्यालयले प्रस्ताव स्वीकृत एवं समूह छनौट गर्नेछ ।

१०. **प्रस्तावकलाई जानकारी:** छनौट भएका साझेदार समूहलाई पन्ध्र दिनभित्र सम्झौता गर्न आउन कार्यालयले निर्णय भएको मितिले सात दिन भित्र जानकारी दिनु पर्नेछ ।

११. **सम्झौता:** (१) दफा ९ बमोजिम छनौट भएका साझेदारसँग कार्यालयले सम्झौता गर्नेछ ।

(२) दफा १० बमोजिमको समयभित्र सम्झौता गर्न नआउने साझेदारको छनौट स्वतः रद्द भएको मानि दोश्रो प्राथमिकता प्राप्त साझेदारलाई छनौट गर्न बाधा पुगेको मानिने छैन ।

(३) दफा ७ बमोजिम प्रस्ताव आह्वान गर्दा एक मात्र प्रस्ताव परी उपदफा (२) बमोजिमको अवस्था पर्न आए कार्यालयले पुनः प्रस्ताव आह्वान गर्नु पर्नेछ ।

(४) सम्झौता अनुरुप बकेर्नो भैंसी संरक्षण नगर्ने साझेदार समूहलाई कार्यालयले अनुदान रोक्का गर्न सक्नेछ ।

(५) बकेर्नो भैंसी अन्यत्रै विक्री गरी अनुदान रकमको दुरुपयोग गरेमा प्रचलित ऐन/नियम बमोजिम सरकारी बाँकी/बक्यौता सरह कार्यालयले असुल/उपर गर्नेछ ।

## परिच्छेद -४
## आर्थिक पक्ष

१२. **भुक्तानी सम्बन्धी:** कार्यालयले अनुदान रकम दुई किस्तामा उपलब्ध गराउने छ । मापदण्ड बमोजिम साझेदार समूहले गोठ निर्माण तथा बकेर्नो भैंसी खरिद गरी विल/भर्पाई पेश गरेपछी साझेदार समूहको बैंक खातामा कार्यालयले अनुदान रकमको पहिलो किस्ता जम्मा गरी दिनेछ । साझेदार समूहले सम्पूर्ण कार्य सम्पन्न गरी कार्यालयमा विल/भर्पाई पेश गरेपछी कार्यालयले दोश्रो किस्ता अनुदान रकम दिनेछ ।

१३. **कार्यक्रम सञ्चालन:** रकम खर्च गर्ने आधार देहाय बमोजिम हुनेछः- (रकम रु. हजारमा)

| क. सं. | कृयाकलाप | अनुदान | स्वलगानी | जम्मा |
|---|---|---|---|---|
| १ | गोठ निर्माण तथा बकेर्नो भैंसी खरिद (३० वटाको लागि) | ७५०।- | ५२५।- | १२७५।- |
| २ | घाँस खेती | १५०।- | १०५।- | २५५।- |
| ३ | ढुवानी | ६०।- | - | ६०।- |
| ४ | खोप, परजिवि नियन्त्रण, कृ.ग., हर्मोन तथा मिनरल खरिद | १००।- | २५ | १२५।- |
| | जम्मा | १०६०।- | ६५५।- | २४१५।- |

(ख) कार्यालयबाट दिईने अनुदान रकमको तीन प्रतिशत कन्टेन्जेन्सी कट्टा उक्त रकमले कार्यक्रमको अनुगमन, निरिक्षण, भ्रमण, समितिको बैठक भत्ता, इन्धन आदीमा कार्यालयले खर्च गर्नेछ ।

(ग) कार्यालयले अनुदान प्राप्त गर्ने साझेदार संस्थाको विवरण चौमासिक रुपमा कार्यालयको वेभसाईटमा राख्नु पर्नेछ ।

## परिच्छेद -५

## मापदण्ड सम्बन्धमा

१४. मापदण्डका आधारहरु: (१) कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको मापदण्ड हुनेछः-

(क) साझेदार संस्थाको सदस्य संख्या पन्ध्र जना हुनु पर्नेछ ।

(ख) प्रस्तावक साझेदार संस्थाले कम्तिमा तिस वटा बकेर्नो भैंसी संरक्षण गर्नु पर्नेछ ।

(ग) प्रत्येक सदस्यले कम्तिमा दुईवटा बकेर्नो भैंसी संरक्षण गर्नु पर्नेछ ।

(घ) बकेर्नो भैंसी संरक्षण कार्य विस्तार गर्न सम्भावना भएका क्षेत्रमा घाँसपात र पानी उपलब्ध हुने स्थान हुनु पर्नेछ ।

(ङ) समूहले दुग्ध उत्पादक सहकारी संस्था र स्थानिय तहको सिफारिस लिनु पर्नेछ ।

(च) कार्यालय वा सम्बन्धित निकायमा समूह दर्ता भएको हुनु पर्नेछ ।

(२) अन्य मापदण्ड आवश्यकता अनुसार तयार गरी मूल्याङ्कन समितिले स्वीकृतार्थ कार्यालयमा पेश गर्नेछ ।

## परिच्छेद -६

## विविध

१५. प्रगति पठाउने प्रकृया: (१) बकेर्नो भैंसी संरक्षण कार्यक्रमको अनुदान प्राप्त गर्ने साझेदार समूहले मासिक रुपमा प्रगति प्रतिवेदन कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन चौमासिक तथा वार्षिक रुपमा कम्पाईल गरी कार्यालयले निर्देशनालय र मन्त्रालयमा पठाउनु पर्नेछ ।

१६. कार्यक्रमको प्रभावकारिता: कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन अन्य संघीय तथा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनाहरुसँग समन्वय गरी तादाम्यता कायम गर्दै दोहोरोपना नहुने गरी एकिकृत रुपमा कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

१७. संशोधन: यो कार्यविधि कार्यान्वयन सम्बन्धी बाधा अडचन मन्त्रालयले फुकाउने छ ।

१८. वचाउ: यस कार्यविधिमा उल्लेख भएका कुरामा यसै कार्यविधि र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसुचि -१

(दफा ७सँग सम्बन्धित)

**प्रस्ताव आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मितिः ...............................

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आ.व. ...... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार .........................कार्यक्रम रहेकोले ........................... कार्यक्रममा सहभागी हुन इच्छुक समूहबाट संयुक्त रुपमा दरखास्त आहानको लागि यो सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ....... दिनभित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराम सहित सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा दरखास्त दिनु हुन सूचित गरिन्छ । आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचनाद्वारा सुचित गरिन्छ ।

तपसिलः

१. अनुसूची-२ अनुसारको आवेदन फाराम
२. अनुसूची-३ अनुसारको समुहको कार्ययोजना छुट्टाछुट्टै हुनु पर्नेछ ।
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
४. अन्य प्रमाणित पत्रहरु( तालिम, शैक्षिक योग्यता, जग्गा भाडाको सम्झौता पत्र आदी)
५. समूहसंग रहेको पशु संख्या
६. समूह दर्ताको प्रमाण पत्र ।

अनुसुचि -२

(दफा ८सँग सम्बन्धित)

आवेदन-पत्र

मितिः.........................

श्रीमान कार्यालय प्रमुखज्यू,
भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र
..................

विषय : अनुदान सहयोग उपलब्ध गराई दिने बारे ।

महोदय,

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट मिति .................... मा .............................. पत्रिकामा प्रकाशित सूचना अनुसार दरखास्त माग भए बमोजिम .................................... कार्यक्रममा सहभागी हुन तीव्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन पेश गरिन्छ । अनुदान वा सहयोग प्राप्त शर्त अनुसार सम्बन्धित जिल्ला भित्रै रही कार्य गर्ने जानकारी गराउदछौं ।

तपसिलः

१. कार्य योजना ।
२. नेपाली नागरिकताको प्रतिलिपी ।
३. समुह सम्बन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपी ।
४. बकेर्नो भैंसी संरक्षण गर्ने क्षमता (जग्गा/घाँस रोपणको क्षेत्रफल आदि)।

अनुसूचि -३

(दफा ८सँग सम्बन्धित)

कार्ययोजनाको विवरण

कार्यक्रमको नामः

समूहको नामः ठेगानाः

मिति :

रकम रु. हजारमा

| क्र. सं. | कृयाकलाप | प्रदेश सरकारबाट अनुदान | समूहको स्वलगानी | जम्मा लगानी |
|---|---|---|---|---|
| १ | गोठ निर्माण तथा बकेर्नो भैंसी खरिद ( ... वटाको लागि) | | | |
| २ | घाँस खेती | | | |
| ३ | ढुवानी | | | |
| ४ | खोप, परजिवि नियन्त्रण, कृत्रिम गर्भाधान, हर्मोन तथा मिनरल खरिद | | | |
| | जम्मा | | | |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूची -४
### (दफा ९सँग सम्बन्धित)
### कार्यक्रम सञ्चालनका लागि समूह छनौट गर्दा अपनाईने मूल्याङ्कनका आधारहरु:

| क्र.स. | द.नं. | समूहको नाम | ठेगाना | कार्य योजना (२५) | बकेर्नो भैंसी संरक्षणको सम्भाव्यता/उपयुक्तता (२५) | अनुभव / तालिम (१०) | समूहले बकेर्नो भैंसी संरक्षण गरी हुर्काई रहेको संख्या(१५) | घाँस विकास गरेको वा विकास गरिने जग्गाको क्षेत्रफल(२५) | कुल प्राप्तांक (१००) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

## अनुसूची -५
## (दफा ११को उपदफा (१)सँग सम्बन्धित)
## सम्झौता-पत्र

आर्थिक वर्ष ... ... ... मा सञ्चालन हुने ... ... ... कार्यक्रमको लागि छनौट भएको समूह ... ... ... ... (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ... ... ... ... ... (यस भन्दा पछाडी पहिलो पक्ष भनिने) बीच तपसिलका शर्तनामाहरुको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न द्विपक्षिय सम्झौता भएको छ ।

तपशिलः

(१) पहिलो पक्षले दोश्रो पक्षलाई बकेर्नो भैंसी संरक्षण कार्यक्रम सञ्चालनको लागि यस कार्यविधि अनुसार बढीमा २ किस्तामा दिनुपर्ने अनुदान रकम दोश्रो पक्षको खातामा जम्मा गर्नेछ ।पहिलो किस्ता गोठ बनाइ सकेपछि सम्पूर्ण कार्यक्रमको पचास प्रतिशत कार्य सम्पादन पश्चात उपलब्ध हुनेछ र दोश्रो किस्ता सम्पूर्ण कार्य सम्पन्न पश्चात उपलब्ध गराइने छ । अनुदान रकमको दुरुपयोग भएको पाईएमा दोश्रो पक्षबाट सो रकम असुल उपरको लागि प्रचलित कानुन बमोजिम आवश्यक कारबाही गरिनेछ।

(२) पहिलो पक्षबाट तोकिएको प्राविधिक विषय वस्तुलाई दोश्रो पक्षले अनिर्वाय रुपमा पालना गर्नु पर्नेछ ।पहिलो पक्षबाट प्राप्त अनुदान सहयोगलाई दोश्रो पक्षले मास्न वा दुरुपयोग गर्न पाउने छैन र त्यसो गरेको पाईएमा निजबाट सो रकम असुल उपरको लागि प्रचलित कानून बमोजिम आवश्यक कारबाही गरिनेछ । बकेर्नो भैंसी संरक्षण गर्दा उत्पादित दूधको वजार व्यवस्था दोश्रो पक्ष स्वयंले नै गर्नु पर्नेछ

(३) पहिलो पक्षले नियमित रुपमा अनुदान प्राप्त गर्ने समूहको अनुगमन गर्नेछ ।

(४) दोश्रो पक्षले मासिक रुपमा प्रगति विवरण सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा बुझाउनु पर्नेछ ।

(५) यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि भवितव्यको पुर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयं हुनेछ ।

(६) यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानून बमोजिम हुनेछ ।

(७) प्रदेश सरकारले आवश्यक ठानेमा अन्य विषयवस्तु थपघट हुन सक्नेछ ।

| प्रथम पक्ष; | दोश्रो पक्षको तर्फबाटः |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छाप | औठाको छापः |

रहोवरः

| | |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छाप | औठाको छापः |